## निर्णय

आज मिति २०७२/१/१२ का दिन आएको महा-भूकम्पका कारण आपूर्ति एवं आधारभूत सुविधाहरू अस्तव्यस्त भएकाले अत्यावश्यक सेवा र कार्यहरू सञ्चालन गरी स्थितिलाई काबुमा लिन देशभर दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम १ महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सोही ऐनको दफा ६ को खण्ड (क) बमोजिम नेपाल सरकार समक्ष सिफारिश गर्ने ।

१. सबै सुरक्षा निकायका साथै एघारवटै विषयगत क्षेत्रहरूलाई तत्कालै परिचालन गरी काठमाडौँका ८, ललितपुरका २ र भक्तपुरका २ गरी जम्मा १२ वटा स्थान तथा प्रत्येक प्रभावित जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थानीय एकाइको रूपमा उद्धार समन्वय केन्द्रहरू स्थापना गरी खोज, उद्धार र राहत कार्यलाई तीव्र पार्ने ।

२. गृह मन्त्रालयका सचिवको नेतृत्वयमा अर्थ, रक्षा, परराष्ट्र, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, पर्यटन तथा नागरिक उड्डयन र सूचाना तथा संचार सचिव भएको केन्द्रीय कमाण्ड पोष्ट खडा गर्ने ।

३. सबै अस्पतालहरु खुला गर्ने र सबै डाक्टर तथा स्वास्थ्य कर्मीहरुलाई समेत आ-आफ्नो कार्यक्षेत्रमा उपस्थीत गराउने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रीले मिलाउने ।

४. घाईतेहरुको उद्धार गरी अस्पतालसम्म लैजाने व्यवस्थाका लागि सम्वद्ध सबै सरकारी तथा गैरसरकारी निकायहरु पूर्णरुपले परिचालित हुन र उद्धार कार्यमा समन्वयात्मक ढङ्गले काम गर्न सम्माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूले निर्देशन दिने ।

५. सबै संचार माध्यमहरुबाट नागरिकलाई सु-सुचित गर्ने गरी निरन्तर सूचना सम्प्रेसण गर्ने व्यवस्था सूचना तथा संचार मन्त्रालयले मिलाउने ।

६. प्रभावित क्षेत्रका सबै प्रमुख जिल्ला अधिकारीहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिको तुरुन्त बैठक बसाली उद्धार कार्यमा जुट्न गृह मन्त्रीले निर्देशन दिने ।

७. प्रारम्भिक लेखाजोखाबाट ठुलो क्षति भएको र शीघ्र प्रतिकार्यमा राष्ट्रिय क्षमता नपुग हुने देखिएकोले अन्तर्राष्ट्रिय सहायताका लागि आव्हान गर्न नेपाल सरकारसमक्ष सिफारिश गर्ने ।

८. नेपाल सरकारको आह्वानमा खोज, उद्धार तथा राहत कार्यमा आउने विदेशी मानवीय सहायताकर्मीहरूको सहज आवागमनका लागि सबै अध्यागमन कार्यालयमा २४ सै घण्टा खुल्ने गरी विशेष कक्ष स्थापना गर्ने एवं देहायका व्यक्तिहरूलाई प्रवेशाज्ञा शुल्क नलिने निर्णय हुन नेपाल सरकारसमक्ष सिफारिश गर्ने :

क) परराष्ट्र मन्त्रालयबाट पूर्व-स्वीकृति लिएका व्यक्तिहरू;
ख) गृह मन्त्रालयबाट प्रेषित सूचीमा उल्लेख भएका व्यक्तिहरू;
ग) संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता समूहका व्यक्तिहरू;

घ) नेपाल सरकारसँग पूर्व-सम्झौता भएका मुलुकका सम्झौता-पत्रमा उल्लेख भएका कार्यसमूहका सदस्यहरू

ङ) अन्तर्राष्ट्रिय रेडक्रसबाट उद्धार कार्यमा आउने व्यक्तिहरू ।

९. विभिन्न मुलुक एवं अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूबाट खोज तथा उद्धार कार्यमा उपयोगी साधन एवं राहत सामग्री भन्सार नाकाबाट नियमानुसार जाँचपास गरी शीघ्र प्रवेशको व्यवस्था मिलाउनुका साथै त्यस्ता खोज तथा उद्धारका मालसामानमा लाग्ने भन्सार महसूललगायतका दै-दस्तुर छूट दिने सम्बन्धमा देहायबमोजिम निर्णय हुन नेपाल सरकारसमक्ष सिफारिस गर्ने :

क) नेपाल सरकार तथा संयुक्त राष्ट्रसङ्घबीच आपत्कालीन अवस्थामा राहत खेप (Relief Consignment) एवं राहतकर्मीको साथका सामानको छिटो आयात, निर्यात र पारवहन व्यवस्थासम्बन्धी ३१ मे २००७ मा सम्पन्न ढाँचा सम्झौता (Model Agreement) को धारा २ तथा अन्यत्र उल्लेख भए बमोजिम संयुक्त राष्ट्रसङ्घीय राहत कार्यमा संलग्न निकायहरू वा सोही सम्झौताको अनुसूचीको ढाँचामा मानवीय मामिलाका लागि संयुक्त राष्ट्रसङ्घीय समन्वयकर्ताको कार्यालयबाट प्रदत्त प्रमाणपत्रधारी सरकारी, गैरसरकारी, अर्धसरकारी सङ्गठनहरू एवं ती निकायहरूबाट करार बन्दोबस्त गरिएका ढुवानीकर्ताको हकमा धारा ३.३ बमोजिम छूट दिने;

ख) द्विपक्षीय सहायताअन्तर्गत विभिन्न मुलुक तथा सरकारी निकाय एवं अन्य सङ्गठनबाट प्राप्त हुने सहायताका हकमा पूर्व-स्वीकृति मागेको अवस्थामा मुख्य सचिवको संयोजकत्वमा गृह, अर्थ, परराष्ट्र, रक्षा, स्वास्थ्य तथा जनसङ्ख्या र बाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरूको समितिबाट स्वीकृत निर्देशिकाबमोजिम पूर्व-स्वीकृति दिँदाकै बखत परराष्ट्र मन्त्रालयबाट प्रदत्त स्वीकृति-पत्रमा जनाएर छूट दिने र

ग) खण्ड (ख) बमोजिम स्वीकृति-पत्र नै नलिएका वा प्रदत्त स्वीकृति-पत्रमा उल्लेख नभएका वा उल्लेख हुन छुटेका साधन वा राहत सामग्रीका हकमा खण्ड (ख) मा उल्लिखित समितिबाट औचित्यका आधारमा निर्णय गर्ने ।

१०. भूकम्पको कारणबाट चोटपटक लागेका व्यक्तिहरूलाई सार्वजनिक, सामुदायिक र निजी अस्पतालसमेतबाट सम्पूर्ण आकस्मिक उपचारको व्यवस्था गरी उद्धार गर्न सम्पूर्ण स्वास्थ्य संस्थालाई अनुरोध गर्ने ।

११. उद्धार कार्यका लागि अधिकतम संख्यामा क्रेन, डोजरजस्ता अन्य उपकरणहरुको व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने ।

१२. खाद्यान्न औषधी ,पानी,आवास र अन्य अत्यावस्यक बस्तुको सहरी विकास, वाणिज्य तथा आपूर्ती मन्त्रालयले मिलाउने ।

१३. केन्द्रीय कमाण्ड पोष्टको निर्देशन बमोजिम सबै हेलीकप्टरहरुलाई स्ट्याण्डबाई राख्न र आपत्कालीन उद्धारमा संलग्न गराउने व्यवस्था पर्यटन तथा नागरिक उड्डयनले मिलाउने ।

१४. सबै सचिवहरुलाई तत्काल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपस्थित गराई खास-खास जिम्मेवारी दिएर परिचालन गर्ने व्यवस्था मुख्य सचिवले मिलाउने ।

१५. विदेशी सेनाबाट प्राप्त हुने सहायताको समन्वय उपर्युक्त क्रम संख्या ८ बमोजिको समितिको समेत जानकारीमा ल्याई राष्ट्रिय प्रतिकार्य योजना अनुरुप नेपाली सेनाले गर्ने ।